# मुड्केचुला गाउँपालिका
Mudkechula Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
कर्णाली प्रदेश, डोल्पा
Karnali Province, Dolpa


प.सं :०७८।०७९

मिति: २०७८।११।०९

च.नं : ६०९

श्री सबै वडा कार्यालयहरु
मुड्केचुला गाउँपालिका,डोल्पा
कर्णाली प्रदेश,नेपाल ।

**विषय :- बरोजगार फारम भर्ने सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७९।०८० को लागि न्युनतम १०० दिनको रोजगारीमा संलग्न भई सार्वजानिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुको २०७८ फाल्गुन ९ गतेदेखि ३० गतेभित्र आफ्नो स्थायी बासोवास गरेको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिहरुको सूचिमा सूचिकृत हुन अनुरोध गरिन्छ ।

यस प्रक्रिया बमोजिम तहाँ वडा कार्यालयमा परेका निवेदनहरु मध्येबाट देहाय बमोजिमका मापदण्ड अनुसार प्राथमिकताका तोकि वास्तविक बेरोजगार व्यक्तिहरुको आवेदन फारमहरु संकलन गरी २०७८ चैत्र ५ गते भित्र रोजगार सेवा केन्द्रमा पठाईदिनु हुन अनुरोध छ ।यस सम्वन्धी थप जानकारी चाहिएमा रोजगार संयोजक श्री सुकविर रोकाया(९८५११६६६०२) र प्राविधिक सहायक श्री दिप नरायन यादव(९८६३८८१८४८)लाई सम्पर्क गर्न सकिने छ ।

**बेरोजगार छनौट मापदण्ड:**

| | |
|---|---|
| ➢ कृषि उत्पादनले बर्षामा ३ महिना खान नपुग्ने<br>➢ बासोवासका लागि आफ्नै घर नभएको परिवारका सदस्य<br>➢ एकल महिला घरमुलि भएको परिवारका सदस्य<br>➢ दलित,अल्पसंख्यक वा लोपोन्मुख परिवारका सदस्य<br>➢ बार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारका सदस्य<br>➢ शहिद तथा बेपत्ता परिवारका सदस्य<br>➢ १८ बर्षदेखि ५९ वर्ष उमेर समुहरुको हुनुपर्ने | **आवश्यक कागजातहरु :**<br>१.आवेदनको फारम १ प्रति<br>२.पासपोर्ट साईजको फोटो १ प्रति<br>३.परिवारको सम्पुर्ण सदस्यहरुको नागरिकताको छायाँ कपि १/१ प्रति(नागरिकता नभएको हकमा जन्मदर्ता)<br>४.स्थायी ठेगानाको प्रमाण नभएहरुको हकमा बसाईसराई गरेको प्रमाणपत्र वा विवाह दर्ताको प्रमाण पत्र ।<br>**आवेदन फारममा भर्नु पर्ने विवरणहरु सबै अनिवार्य रुपमा भर्नु पर्ने ।** |

❖ नोट:बेरोजगारी दर्ता फारमwww.mudkechulamun.gov.np वा यस गाउँपालिकाको फेशवुक पेज www.facebook.com/mudkechulamun बाट डाउनलोड गर्न सक्नु हुनेछ ।

धिरादेवि शाही
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

➢ श्री सूचना प्रविधि शाखा:वेबसाईटमा अपलोड गरिदिनु हुन ।
➢ श्रीमान् गाउँपालिका अध्यक्ष/उपाध्यक्षको सचिवालय